बैठक नं १७६

आज मिति २०८१/०९/०९ गतेका दिन यस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

उपस्थिति

| क्र.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री ध्रुव खनाल | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री सेवक विक्रम राई | लेखा अधिकृत | |
| १७. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १८. | श्री तोपमान श्रेष्ठ | सहायक पाँचौं | |

## प्रस्तावहरु

१. गाउँपालिकाको १७५ औ बैठकको समिक्षा सम्बन्धमा ।

२. हिउदे अधिवेशन आवह्वान सम्बन्धमा।

३. गाउँपालिकास्तरीय योजनाको ठेक्का प्रक्रिया सम्बन्धमा ।

४. गाउँपालिका भवनको लागि वजेट माग गर्ने सम्वन्धमा।

५. कार्यविधिहरु स्वीकृत सम्बन्धमा ।

६. क्रिसमसको लागि वजेट उपलब्ध गराउने सम्बन्धमा ।

७. विविध ।

क) विपन्न नागरिक सहायता सम्बन्धमा ।

ख) गाउँपालिकाको लोगो डिजायन गर्ने सम्बन्धमा ।

ग) काल्चे स्वास्थ्य ईकाइको अनुमति सम्बन्धमा ।

घ) वडा नं २ को प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।

ङ) पर्यटन पूर्वाधार विकास आयोजना सम्बन्धमा।

## निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा गाउँकार्यपालिकाको मिति २०८१/०८/११ को १७५ औ बैठक उपर समिक्षा गरियो । |
| २ | प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व. २०८१/०८२ मा यस तादी गाउँपालिकाको गाउँसभाको हिउँदे अधिवेशनको प्रथम बैठक मिति २०८१/०९/१२ गते बस्ने गरी अधिवेशन आवह्वान गर्ने निर्णय गरियो । |
| ३ | प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व. २०८१/०८२ मा गाउँपालिकास्तरीय योजनहरु बाहुनवेशि नर्जा डाँडाको पाटो सडक तादी ५ र दोर्खुपुल धन्सार मानेडाँडा सडक तादी १ को सडकको लागि ५०/५० लाख रकम विनियोजन गरिएकोमा क्रमश रु ८०/८० लाखको प्राविधिक स्टमेट तयार भएको हुँदा बहुवर्षिय ठेक्का लगाई रकम रु ३०/३० लाखको आगामी बर्षमा भुक्तानी हुने गरी स्टमेट वमोजिमको ठेक्का प्रकिया अगाडि बढाउने निर्णय गरियो । |

४ प्रस्ताव नं ४ उपर छलफल गर्दा यस गाउँपालिकाको निर्माण सम्पन्न भएको प्रशासकीय भवनमा कार्यालय व्यवस्थापनको लागि पर्याप्त स्थान अभावको कारण प्रशासकीय भवनको छतमा ट्रस हालि थप अफिस कोठाहरु र गाउँपालिका सभाहल निर्माणको लागि प्राविधिक स्टमेट वमोजिमको रकम स्थानीय पूर्वाधार विभाग पुल्चोक, ललितपुर सँग वजेट माग गर्ने निर्णय गरियो ।

५ प्रस्ताव नं ५ उपर छलफल गर्दा यस गाउँपालिकाबाट निर्माण भएको तपशिल वमोजिमको कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

१. फोहोरमैला व्वस्थापन कार्यविधि, २०८१
२. मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८१

६ प्रस्ताव नं ६ उपर छलफल गर्दा आ.व २०८१/०८२ को शिर्षक नं ३४ क्रिसमस तथा कृष्णाष्टमी लगायत अन्य पर्व संचालन कार्यक्रममा विनियोजन भएको रु ३,००,०००।बाट रु १,२५,०००।(अक्षरुपी एक लाख पच्चिस हजार मात्र) क्रिसमस कार्यक्रमको लागि उपलब्ध गराउने निर्णय गरियो ।

५ प्रस्ताव नं ५ उपर छलफल गर्दा विविध शिर्षकमा तपशिल वमोजिमको निर्णयहरु गरियो ।

क) प्रस्तुत विषयमा विपन्न नागरिकहरुबाट प्राप्त निवेदन अनुसार तपशिल वमोजिमका व्यक्तिहरुलाई आ.व.२०८१/०८२मा विनियोजन भएको शिर्षक नं ४७ विपन्न नागरिक सहायता शिर्षकबाट तपशिल वमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क्र.सं | नाम/थर | ठेगाना | कारण | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | पदम बहादुर थापा | तादी ४ | खुट्टा अपरेशन | २५,०००। | |
| २ | मान सिं तामाङ | तादी ३ | अपरेशन | २५,०००। | |
| ३ | मिनु तामाङ | तादी १ | पाठेघर क्यान्सर | ४०,०००। | |
| ४ | राजकुमार ओझा | तादी ५ | उपचार | २५,०००। | |
| ५ | सुसान्त तामाङ | तादी ३ | अपरेशन | २५,०००। | |
| ६ | जगत तामाङ | तादी ६ | क्यान्सर | ४०,०००। | |

ख) प्रस्तुत विषयमा यस गाउँपालिकाको लोगो डिजाइन गर्नको लागि सार्वजनिक सूचना प्रकाशित गर्ने र सो सूचना अनुसार भाग लिनेहरुमध्ये बाट उत्कृष्ट लोगो छानी कार्यपालिका बैठकबाट

अनुमोदन गरी लागु गर्ने र उक्त लोगो निर्माण गर्ने उत्कृष्ट व्यक्ति सस्थालाई पुरस्कृत गर्ने निर्णय गरियो।

ग) प्रस्तुत विषयमा तादी १ काल्चे स्वास्थ्य ईकाइ स्थापना गर्न अनुमति दिईएकाले उक्त स्थानमा भवन निर्माणको लागि ग्रिन तारा फाउण्डेसनलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

घ) प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि मिति २०८१/०८/११ गतेको कार्यपालिकको बैठकबाट छनोट भएका वडा नं २ को योजनाहरु शिर्षकान्तर गरी तपशिल वमोजिम कायम गर्ने निर्णय गरियो ।

तपशिल

| वडा नं | नेपाल सरकार रोजगारी सिर्जना तर्फ |
|---|---|
| २ | चिलाउने काभ्रेटोल देखि लासावाटोल खुड्किलो निर्माण- वडा नं -२ रु ४ लाख |

| वडा नं | युवा रोजगार (आइ.डि.ए) |
|---|---|
| २ | सिम्लेबाट चिलाउने जाने पुरानो गोरेटोबाटो स्तरउन्नती-तादी २ रु ३ लाख |

| वडा नं | नेपाल सरकार र युवा रोजगार कार्यक्रम साझेदारीको लागि |
|---|---|
| २ | १.गोलेटोल बाह्रविसे गोरेटोबाटो निर्माण रु १,५०,०००।<br>२.सिम्ले चिलाउने सडक ढुङगा सोलिङ रु २,००,०००। |

| वडा नं | नेपाल सरकार रोजगारी सिर्जना तर्फ |
|---|---|
| ४ | वाघमारा पर्यटन पार्क निर्माण र सातविसे वाघमारा सडक सरफाई वडा नं -४ |

ङ) प्रस्तुत विषयमा संघीय सरकारबाट पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत वागमारा शहिद पार्क तादी २ र ४ नुवाकोट शिर्षकमा प्राप्त रु १,२०,००,०००.०० (अक्षरेपि एक करोड वीस लाख रुपैया मात्र) को ठेक्का प्रकृयामा गई निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो।